ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ ३ मा

गर्भावस्थामा बच्चाको मुटुरोगबारे गरिने जाँच

❑ वर्ष-१० ❑ अङ्क-२३, २०७५ असोज २० गते, शनिबार Oct.6, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६

## जितिया पर्वमा सार्वजनिक विदा नदिनु गलतः उप सभामुख देव




फत्तेपुर / प्रदेश न २ कि उप सभामुख उपमादेवि देबले मधेसी तथा थारु महिलाहरुको महान पर्व जितियामा सरकारले छुट्टी नदिनु गम्भीर गल्ती भएको बतएकी छिन । सप्तकोसी नगरपालिका ८ ओद्राहामा मंग्लवार नगरपालिकाले आयोजना गरेको जितिया महोत्सवमा बोल्दै उप सभामुख देवले उक्त कुरा बतएकी हुन । कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै उप सभामुख देवले जितिया पर्वको शुभकामना दिदै थारु तथा मधेसी समुदायका पर्वहरुमा पनि बिदाको बिषयमा प्रदेश सरकारलाई जानकारी गराउने प्रतिबद्धता व्यक्त गरिन ।

कार्यक्रममा बोल्दै विशिष्ट अतिथी पूर्व सांसद लक्ष्मी चौधरीले पहिचान सहितको संघीयता,संघीयता सहितको संविधान पूर्ण रुपमा स्थापित भए मात्र मधेसका जनताले सुखी अनुभुती गर्ने बताइन। मधेस २२ वटा जिल्लामा फैलिए पनि ८ वटा जिल्लामा मात्र सिमित गरेर राज्यले विभेद गरेको बताइन । कार्यक्रममा बोल्दै बिशिस्ट अतिथी सप्तकोनगरपालिका कि उप मेयर आशा चौधरीले जितिया पर्वको शुभकामना दिदै आफ्नो रिति रिवाज ,धर्म , सस्कृतिको जगेर्ना गर्नु हाम्रो प्रमुख दायित्व रहेको बताइन ।

जितिया महोत्सवमा बोल्दै संघीय समाजबादी फोरमका नगर अध्यक्ष रामकुमार यादबले निर्वाचन पछि सरकार उदासिन रहेको बताए । यस्तै नेका नेता चन्द्रशेखर चौधरीले थारु तथा मधेसी समुदायका महिलाहरुले आफ्ना हक र अधिकार का लागि अधि बढ्नु पर्ने बताए ।

कार्यक्रम मा पूर्व सासद मानपुर चौधरी ,सघीय समाज बादीका केन्द्रिय सदस्य सुत्रृ नारायण यादब,थारु कल्याणकारी सभाका जिल्ला अध्यक्ष शिवकुमार चौधरी ,पत्रकार महासङ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गा, सप्तकोसी नगरपालिका का वडा अध्यक्षहरु नारायण आचार्य ,सोनेलाल चौधरी ,देवकान्त चौधरि,बद्री नारायण चौधरी ,दिपक लेखी,कमल नारायण चौधरी ,केदार प्रसाद साह,चन्द्र नारायण यादब,पुर्व गाबिस अध्यक्ष रबिन्द्र ले खीलगायतकाको सहभागीता रहेको थियो ।

कार्यक्रममा थारु तथा मधेसी भेषभुषामा आएका महिलाहरुले गित तथा नृत्य प्रस्तुत गर्नुका साथै कलश यात्रा पनि गरिएको थियो । राजकुमारी चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रम भएको थियो ।

# मैनामैनी-बराहक्षेत्र केवलकार संचालन हुने




**जनता सम्वाददाता**

अव केही बर्षमा नेपालको प्रसिद्ध धार्मिक तिर्थ स्थल सुनसरीको बराहक्षेत्रबाट पश्चिम जान परे केवलकार चढेर सरर यात्रा गर्न पाईने भएको छ। बराक्षेत्र मन्दिर परिसरबाट मैनामैनी, चौदण्डीगडी हुदै मदन भण्डारी राजमार्ग वा पूर्वपश्चिम राजमार्ग हुदै यात्रा सहज बनाउन सकिने भएको छ। बराहक्षृत्रमा आउने धार्मिक पर्यटकहरुलाई बेलका नगरपालिकाका पर्यटकीय क्षेत्रहरु घुमाउन र यार्त्लाई आवतजावतमा सहज बनाउन बराहक्षेत्र-मैनामैनी केवरकार संचालनका लागि सम्भाव्यता अध्ययन शुरु गरिएको छ ।

बराहक्षेत्र मन्दिरदेखि उदयपुरको बेलका नगरपालिका मैनामैनीसम्म करिव ३ किमी क्षेत्रमा केवलकार संचालनका लागि सम्भाव्यता अध्ययन गरिएको छ ।

नगरपालिकाले आर्थिक सम्बृद्धिका लागि ५ वटा खम्वाहरु निर्धारण गरेको थियो । कृषी, पशुपालन, उद्योग र भौतिक पूर्वाधारसँगै पर्यटन, विकासलाई अघिल्लो बर्षको कार्यपालिकाको बैठकले पारित गरेको थियो । सोही योजना अनुरुप पर्यटनलाई प्राथमिकतामा राखेर केवलकार संचालन गर्ने तयारी गरेको हो । यस अर्थिक बर्षमा सम्भाव्यता अध्ययनका लागि १५ लाख बजेट नगरपालिकाले छुट्याएको बेलका नगरपालिकाका मेयर दुर्गा थापाले बताए ।

गत असोज १४ गते गोसाई कुण्ड दर्शन केलवकार प्रालि काठमाण्डौका प्राविधिक टोलीले स्थलगत अध्ययन गरेका छन् । उक्त प्राविधिक टोलीले काठमाण्डौको चन्द्रगिरी हिलको केवलकार पनि उनीहरुले नै गरेको बताइएको छद्ध ।

बराहक्षेत्र एउटा स्टेशन र मैनामैनी एउटा स्टेशन हुने गरि संचालन गर्न सकिने प्राविधिक टोलीले बताएको बेलका नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुष्कर भट्टराईले जानकारी दिए । 'अत्यन्त छोटो दुरीमा भएकाले केवलकार संचालन उपयुक्त हुने प्राविधिक टोलीले बताएका छन् ।'-उनीहरुले एक सातामा

बाँकी अन्तिम पृष्ठमा

## अव धरान विराटनगर धाउनु पर्दैन

**यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।**

**हाम्रा सेवाहरु**

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।

**प्रो.पपुलर चौधरी**

**सप्तकोशी डेन्टल क्लिनिक**

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्कः ९८४९१५१५८३ र ९८१७३०९४४७



publicnews8@gmail.com/ 9852047779/9852065409

LOG ON...www.janatimes.com

लोकप्रिय डिजिटल मिडिया jt janatimes

विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार

## मैनामैनी...

डिपिआर रिपोर्ट दिने भनेका छन्। त्यस पछि बराहक्षेत्र नगरपालिकासँग समन्वय गरेर काम अगाडी बढउने योजना छ। मध्यपहाडी लोकमार्ग, मदनभण्डारी राजमार्ग पनि यही बराहक्षेत्र र बेलका नगरपालिका भएर संचालन हुने भएकाले यस क्षेत्रमा केवलकार संचालन हुदा यात्रुको चाप अत्याधिक हुने छ।

मेयर थापाका अनुसार बराह क्षेत्र दर्शन गर्न पश्चिम नेपाल तथा भारतको कुनौली, सुनौली कोर्डरबाट आउने पर्यटकहरु घुमेर धरान हुदै आउने गरेका छन्। यहाँ केलवकार संचालनमा आए पछि सप्तरीको कञ्चनपुर-फत्तेपुर हुदै चौदण्डीगढीसम्म गाडीको यात्रा गरेर केवलकारबाट बराहक्षेत्र पुग्ने गरि परियोजना संचालन गर्न लागिएको हो।

चौदण्डीगडीबाट टङकेला गुफा ४ किमी पूर्वमा रहेको छ। यो गुफा सपतकोशीसम्म पुगेको स्थानीय मुडापाकाले बताएका छन्। गुफा नजिकै कोलुङ झर्ना छ। त्यहाँबाट १ किमी दुरीमा रानी झर्ना रहेको छ। २ किमी दुरीमा मैना राजामैना रानीको एतिहासिक स्थल रहेको छ। यही एतिहासिक स्थलबाट साढे ३ किमी पूर्व बराहक्षेत्रसम्म केवरकार संचालनमा आउने छ। इतिहासमा सेनबंशले राज्य गरेको ऐतिहासिक चौदण्ढीदेखि मैनामैनीसम्मको पर्यटन विकासका लागि प्रदेश सरकारले समेत १० लाख बजेट विनियोजन गरेकाले २ बर्ष भित्र यहाँको परियोजना सम्पन्न भईसक्ने मेयर थापाले जानकारी दिए। डिपिआरका लागि प्राविधिक टोलीले २ लाख ५० हजार रकम प्रस्ताव गरेका छन्।

बेलका नगरपालिकाले पर्यटन प्रवद्धन तथा सम्भाव्यता अध्ययनका लागि मात्र ४० लाख बजेट विनियोजन गरेको छ। चौडण्डीगढी मैनामैनी हुदै कोशी पुलसम्म नगरपालिकाले सडक सञ्जाल पुर्‍याईसकेको छ। केवलकार संचालनका लागि बराहक्षेत्र नगरपालिकाले समेत चासो देखाएको छ। दुवै नगरपालिकाको सयुक्त लगानीमा संचालन गरिने थापाले बताए।


# लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हादा यस्ता पदार्थ देखि टाढा रहौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## सप्तकोशी नगरपालिकाका नगरवासीमा अनुरोध

एक हप्तादेखि छिमेकी नगरपालिका कञ्चनरूपमा बेमौसमी रूघाखोकी ,ज्वरो ,स्वाइन फ्लू र हङकङ फ्लु जस्ता भाइरलको प्रकोपका कारण बिरामीहरूको संख्या बढ्दै गएको खबर आएकोले उक्त भाइरलबाट वच्न निम्न उपायहरू अपनाउन हुन र यस्ता लक्षणहरू देखा परे तुरून्त नजिकैको स्वास्थ्य संस्था गै उपचार गराउनु हुन सम्पुर्ण सप्तकोसी नगरबासीाहरूमा अनुरोध गरिन्छ ।

**लक्षण**

(१) लामो समय सम्म १०४ डिग्री फरेन्हाइट भन्दा बढी ज्वरो आउनु (२) टाउको दुख्नु तथा घाटी दुख्नु (३) रूघाखोकी स्वास फेर्न ग्राहो हुनु (४) बच्चाहरूलाई झाडा पखाला लाग्ने जस्ता लक्षण देखा परे तत्काल नजिकैको स्वास्थ्य सस्था मा सम्पर्क गर्नु हुन सबैमा अनुरोध गरिन्छ ।

**बच्ने उपायहरूः**

धेरै भिडभाडमा नबस्ने, अति आवश्यक काम बाहेक प्रकोप भएको क्षेत्र तिर नजाने, खोक्दा हाछिउ गर्दा सफा कपडा वा रूमाल प्रयोग गर्ने, साबुन पानीले राम्ररी हात सफा गर्ने ,पोसिलो झोलिलो खाने कुरा प्रशस्त खाने, प्रशस्त मात्रमा शुद्ध पानी पिउने, ज्वरो रूघाखोकी लागेको ब्यक्तिले नगुमसिएको शुद्ध हावा आउने कोठामै आराम गर्ने, भाइरल प्रभावित मानिसबाट टाढा बस्ने, आँखा, नाक, कान र मुखमा अनावश्यक रूपमा हात नलैजाने, सकभर अरू ब्यक्तिहरूसंग हात नमिलाउने, नमस्कार गर्ने बानी बसाउने, अरूले प्रयोग गरेको रूमाल कपडा आफुले प्रयोग नगर्ने, आफुले प्रयोग गरेको कपडा रूमाल राम्रोसंग सफा गरेर मात्र पुन प्रयोग गर्ने, पानी सदैब उमालेर मात्र पिउने भिडभाडमा जानू परे माक्सको प्रयोग गर्ने, सुगुरलगायतका पशुहरू नजिक जानू परे वा छुनु परे सदै माक्स र पन्जाको प्रयोग गरि साबधानिका उपाय अपनाउने । रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्नै नदिनु हुन सम्पुर्ण सर्बसाधरणहरूमा अनुरोध गरिन्छ ।

जनहितका लागि जारी

**सप्तकोसी नगरपालिका**

स्वास्थ्य शाखा, फत्तेपुर, सप्तरी, प्रदेश नं. २

## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
- शहरलाई प्लाष्टीक र प्रदुषणयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ। कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

## बेलका नगरपालिकाको अनुरोध

- नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
- ब्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
- घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौं ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
- सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
- सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

## सम्पादकीय.....................

### चाढपर्वमा सुरक्षा व्यवस्था कडाई

विशेष गरेर चाढपर्वका बेला चोरी तस्करी तथा अपराधिक क्रियाकलप बढि हुने गरेको छ । सडक दुर्घटना, जुवाताजजन्य खेल तमसा दशैं, तिहारमा हुने गरेको छ । यस्ता गतिविधीमा प्रहरीको निगरानी आवश्यक हुन्छ ।

कुनै पनि घट्ना भए पछि सर्तकता अपनाउनु भन्दा अगाडी घट्ना हुन नदिनु बुद्धिमानी हो । चाढवाढका बेला हुने अपराधिक घट्नाहरू हुन नदिन प्रहरी प्रशासन चनाखो हुनु पर्दछ । सुरक्षा संयन्त्र प्रयोग गरि हरेक नागरिकलाई सुरक्षाको प्रत्याभूत गराउनु प्रहरीको कतर्ब्य हो ।

यही कुरालाई मध्यनजर गरेर सप्तरी प्रहरीले ११ वुँदे प्रतिवद्धतासहित विशेष सुरक्षा योजना संचालनमा ल्याएको छ । यो सप्तरी प्रहरीको प्रशंसानीय काम हो । चाडपर्वको समयमा हुन सक्ने झैंझगडा, चोरी, डकैती, लुटपाट, जुवातास, मादक पदार्थ सेवन लगायतका क्रियाकलापलाई लक्षित गरी जिल्लामा विशेष सुरक्षा योजना लागु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भावेश रिमालले बताएका छन् । आशा गरौं प्रहरीले आफ्नो योजनालाई पूर्ण रूपमा कार्यन्वयन गरि सप्तरीवासीलाई सुरक्षित बनाउने छ ।

समयमा वैंकिङ्ग कारोवार गर्ने स्थानहरूमा रकम लुटिने र ठगिने घटनालाई मध्यनजर गर्दै आर्थिक कारोवार हुने स्थानहरूमा विशेष निगरानी जरुरी छ । विगतमा यस्ता बैक लुटपाटका घट्नाहरू भएका छन् । विगतलाई अध्ययन गरि नयाँ सुरक्षा रणनीति प्रहरीले बनाउनु पर्दछ । सङ्गठित र जघन्य अपराध, महिला तथा बालबालिका विरुद्ध हुने अपराधहरूमा शुन्य सहनशिलताकासाथ कडा कानूनी कारवाही गरिने, अपराधिक घटना निन्त्रयण र प्रहरी सेवालाई छिटो छरितो बनाउनु प्रहरीको दायित्व हो । उसको दायित्वबाट विमुख नभई प्रभावकारी सुरक्षा नीति अपनाउनु पर्दछ ।

### ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१–५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# राजधानी बहसः प्रदेशको राजधानी तोक्ने होईन नयाँ बनाउने हो

विदुर सुवेदी

गत पुसमा निक्कै लामो सकसपछि केन्द्र सरकारले सातवटै प्रदेशका अस्थायी राजधानीहरु तोकिदियो । त्यसबेला तोकिएका राजधानीहरु प्रादेशिक प्रारुप तयार गर्न र प्रदेश सरकारको आरम्भ गर्न केन्द्र सरकारले तोकेका अस्थायी मुकाम मात्र देखिए । किनकि, ती ठाउँहरु केन्द्र सरकारका लागि सबैभन्दा उपयुक्त ठाउँमा राखिए । यसको अपवाद प्रदेश नं. ३ को राजधानी मात्र रहृयो । काठमाण्डौबाट केही घण्टाभित्र पुग्न सक्ने, केन्द्र र प्रदेशबीचको सबभन्दा कम हवाइ दूरीमा प्रदेश मुकाम बनाइएको थियो, अस्थायी राजधानी तोक्ने क्रममा ।

एउटा संयोग यस्तो देखियो कि यी अस्थायी राजधानीहरु सकेसम्म हरेक प्रदेशको दक्षिण नाकाका नजिक तोकिए । दक्षिण नाकामा रहनुको व्यापारिक, सामरिक, वा अर्को कुनै अर्थ वा स्वार्थ छ या छैन, यो विषय राजधानी तोक्नेले पनि बताउन चाहेनन् । उनीहरुले यतिमात्र भने- यो अस्थायी राजधानी हो, स्थायी राजधानी तोक्ने अधिकार प्रदेश सरकारको दुई तिहाई मतको हो ।

संविधानतः प्रदेश राजधानी निर्माण गर्ने वा तोक्ने काम प्रदेश सरकारको दुईतिहाई मतमा निर्भर रहेको छ । हालसम्म दुईवटा प्रदेशले राजधानी तोक्ने कायम गरेको देखियो भने एउटा प्रदेशले राजधानी निर्माण गर्ने कार्य गरेको देखिएको छ । केही प्रदेशहरु निर्णय गर्नका लागि आन्तरिक छलफलमा जुटेका देखिन्छन् ।

राजधानी निर्माणको विषयलाई हतार, दबाव वा सकसको रुपमा नहेरौं, योजनावद्धरुपमा नयाँ प्रशासनिक शहर निर्माण गर्ने, प्रदेशको सुनौलो भविष्य निर्माण गर्ने उपयुक्त अवसरका रुपमा सही सदुपयोग गरौं

साँच्चै केन्द्रीकृत शासन पद्दतिलाई प्रादेशीकरण गर्ने अवसर प्रदेश सभाका माननीयहरुको निर्णयमा अडेको छ । केन्द्रले तोकेको अस्थायी केन्द्रलाई नै उपयुक्त मान्ने कि प्रदेशको नयाँ स्वरुप निर्माण गर्ने भन्ने ऐतिहासिक घडीमा प्रदेश संसद रहेको छ ।

राजधानी निर्माणका लागि विशेष ध्यानदिनुपर्ने विषयहरु यस प्रशंगमा कोट्याउन खोजिएको छ ।

अघिल्लो महिना काठमाण्डौमा बिमस्टेक सम्मेलन भयो । सातरआठवटा मुलुकका सरकार प्रमुखहरु आएर हुने सम्मेलनका क्रममा काठमाण्डौंका शिक्षण संस्थाहरु सम्मेलन अवधिभर बन्द रहे । यो कसैलाई स्वागत गर्न विद्यालय बन्द गरिएको थिएन । शहरको आवागमन व्यवस्थापन गर्नका लागि, विद्यालयका गाडी नगुडाउनका लागि अर्थात बाटोमा हुने अवरोध कम गर्नका लागि शिक्षण संस्थाहरु बन्द गरिएका थिए । बाँकी सवारी साधनहरु समेत जोर अंक र बिजोर अंकका आधारमा सञ्चालन गरिएका थिए । सरकार प्रमुख वा राष्ट प्रमुखको आवत-जावत हुँदा घण्टौंसम्म आवागमन वन्द भएका खबरहरु नेपालका अन्य शहरहरुबाट पनि बेलाबेला आउने गरेका छन् ।

यो असरले दिएको सन्देश महत्वपूर्ण छ । यो परिस्थितिले बताएको विषय के हो भने राजधानी तोक्दा वा बनाउँदा भीडमा बनाउनुहुँदैन । राजधानी तोक्ने मात्र विषय होइन, नयाँ निर्माण गर्ने अवसर पनि हो । अत्यन्त व्यवस्थित तरिकाले राजधानी निर्माण गर्नका लागि मौका पनि हो जसले शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउँछ ।

अबको प्रशंग राजधानी तोक्ने मात्र होइन, राजधानी निर्माण गर्ने हो । राजधानी निर्माण गर्ने विषय भौतिक पूर्वाधारहरुको विद्यमानता र सडक वा हवाइ पहुँचभन्दा बाहेकका विकासका सन्तुलनसँग सरोकार राख्ने विषयहरुमा समेत ध्यान दिंन सकेको अवस्थामा मात्र प्रदेशको समग्र हित हुन सक्दछ ।

राजधानी प्रदेशको प्रशासनिक केन्द्र हो । यो केन्द्र अन्य जिल्ला वा स्थानीय निकायसँग सहज पहुँचयोग्य र समदूरीमा रहनुपर्छ भन्ने सर्वसम्मत मान्यता हो । अब बन्ने राजधानीले यस प्रकारको रणनीतिक महत्व बोक्न सक्नु पर्छ । राजधानीले राजनीति र विकासका पूर्वाधारहरुको समेत पुनर्संरचना गरेको हुनुपर्छ । नेपालको पूर्वाधार विकासको प्रवृतिलाई सन्तुलित र न्यायोचित वितरणको सिद्धान्तमा आधारित बनाउन सक्नुपर्छ ।

हालसम्मको पूर्वाधार निर्माणको प्रवृतिले असन्तुलित विकास गरेको छ भने जसका कारण जनसंख्याको वितरण असन्तुलिति हुँदै गएको देखिन्छ । हालसम्मको प्रवृति हेर्दा पूर्वाधार निर्माण जानेर वा नजानेर प्रशासनिक केन्द्रतिर लक्षित हुने

### ७ प्रदेशको संघीय नेपाल




गरेको देखिन्छ । जसका कारण जनसंख्याको चाप सोही विकसित भनिएको क्षेत्रतिर पर्दै गएको देखिन्छ । यही केन्द्रीकृत ढाँचाको विकल्पको रुपमा संघीय संरचना वा व्यवस्थाको आरम्भ भएको हो । यसर्थ प्रान्तीय संरचना तथा मुकामहरु फेरि अर्को नयाँ केन्द्रीकृत राजधानी नबनुन् भन्नेतर्फ राजधानी निर्माण गर्नुअघि विचार गर्न, बहस गर्न र निष्कर्षमा पुग्न जरुरी देखिएको छ ।

यसअघिको क्षेत्रीय विकासको अवधारणाले क्षेत्रभित्रका जिल्लाहरु जोड्नुपर्थ्यो, तर सकेन । अब प्रदेशभित्रका जिल्लाहरु र स्थानीय तह जोड्ने काम प्रदेश राजधानीले गर्न सक्नुपर्छ । हिजो बनेका सडककै आधारमा पहुँचको नाममा राजधानी तोक्ने हो भने कतिपय जिल्लाहरुबीचको आपसी सम्पर्क बीसौं वर्षपछि धकेलिनेछ । यो भनेको विकासको गति अझ पछि धकेलिनु हो ।

प्रदेश राजधानी निर्माण गर्दा औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र वा बजार क्षेत्र, शैक्षिक केन्द्रभन्दा भिन्न प्रशासनिक शहरको रुपमा कल्पना गरिनुपर्छ । उक्त केन्द्रले भविष्यमा पनि प्रशासनिक केन्द्रको नजिक औद्योगिक प्रदुषण नहोस, व्यापारिक जमघट नहोस् र प्रशासनिक क्रियाकलापले शैक्षिक वा सामाजिक क्षेत्रलाई असर नपुगोस् भन्नेतर्फ ध्यान दिनुपर्छ ।

यदि समथर भूभागलाई प्रशासनिक केन्द्र मान्ने हो भने कृषियोग्य भूमिको खण्डीकरण हुने, कृषियोग्य भूमिमा बस्ती वा शहर विकास हुने सम्भावना प्रवल रहिरहन्छ । यो सम्भावनालाई कायम राख्ने हो भने दिगो विकास लक्ष्यहरु पूरा हुन सक्दैनन् ।

विकासको उपभोक्ता मानिस हो, उसले आफू नजिक सेवा सुविधा खोज्नु स्वाभाविक हो । तर, पूर्वाधार निर्माणको कार्य भनेको भूगोलकेन्द्रित हुने गर्छ । अबको राजधानी सके सम्म प्रदेशको केन्द्रभागमा रहनु पर्छर उक्त क्षेत्रले समदूरीका आधारमा अन्य जिल्लासँग सम्पर्क गर्ने नयाँ सडक, नयाँ पूर्वाधारहरु विकास गर्दै जानुपर्छ । परिणामतः पहाडी भूभागहरुमासमेत नयाँखालका साना शहरहरु निर्माण हुने, पहाडमा विद्यमान प्राकृतिक स्रोतहरुको सदुपयोग हुने र अत्याधिक मात्रामा भइरहेको जनसंख्याको अनियन्त्रित वितरण प्रणालीलाई व्यवस्थापन गर्न सहयोग पुग्छ ।

विश्वमा शहर बस्ती विकास गर्ने दुईवटा तरिकाहरु विद्यमान देखिन्छन् । एउटा तरिकाले पहाडी भूभाग खाली गरेर समथर तथा समुद्री किनारामा बस्ती विकास हुने कुरालाई प्रवर्द्धन गरेको देखिन्छ । पहाडी भूभाग अत्यन्त कम भएका मुलुकहरुले यो ढाँचाको प्रयोग गरेका छन् । तर, अमेरिकाजस्तो मुलुकले ठूला शहरहरुमा राजधानी बनाएको देखिँदैन । न्यूयोर्क, वासिंगटन डीसी, क्यालिफोर्निया जस्ता राज्यहरुले ठूला शहरभन्दा टाढा प्रशासनिक केन्द्रहरु निर्माण गरेको देखिन्छ । यसको मनसाय भनेको मानिसले सुविधा र पहुँच निर्माण गर्ने क्रममा ठूला शहरहरुतर्फ बसाइँ सराइ गर्दै दूर दराजका क्षेत्रहरु जनसंख्याविहीन नहोउन् भन्ने नै हो । यद्यपि राजधानी हुनुका अलावा नागरिकलाई प्रदान गरिने सेवा र सुविधाको वितरण सन्तुलित हुनपर्छ ।

राजधानी तोक्दा वा बनाउँदा भीडमा बनाउनुहुँदैन । राजधानी तोक्ने मात्र विषय होइन, नयाँ निर्माण गर्ने अवसर पनि हो

हाम्रोजस्तो मुलुकमा १५ प्रतिशत भूभाग हिमाली क्षेत्र, १७ प्रतिशत भूभाग तराई क्षेत्र छ भने बाँकी भूभाग पहाडी क्षेत्र हो । यस्तो भू(वनावट भएको मुलुकमा पहाडी क्षेत्रमा जनसंख्याविहीनता कल्पना गर्न पनि सकिँदैन । यसर्थ शहर र समथर भूभागकेन्द्रित बसाइँ सराइका कारण तराई भूभाग र शहरी क्षेत्रमा बढ्दै गएको जनसांख्यिक चाप कम गर्नका लागि पनि राजधानी निर्माणको विषयले रणनीतिक महत्व राख्नुपर्छ ।

राजधानी तोक्ने क्रममा कहाँ सभाहल राम्रो छ, कहाँ प्रतिनिधिका लागि सुविधा सम्पन्न भवन छ, कहाँ हवाइ मैदान र धेरै गाडी गुड्छन्, कहाँ मुख्य नाका, कहाँ उद्योग वा कारखाना छन् हो भन्ने विषय प्रधान हुन्छ भने राजधानी निर्माण गर्दा दीर्घकालीन सोच, अर्थात सयौं वर्षपछिसम्मको प्रदेशको विकासका खाका मस्तिष्कमा राखेर निर्णय गरिनुपर्छ । प्रशासनिक केन्द्र वा राजधानी भन्ने विषय जबरजस्त वा बाध्यात्मकरुपमा विकासका लागि आधार तयार गर्ने विषय समेत हो । यसर्थ अब बनिने राजधानीले अविकसित वा विकासको पहुँच कम भएको क्षेत्रलाई प्राथमिकता दिनुपर्छ ।

नेपालकै उदाहरण हेर्ने हो भने कर्णाली प्रदेशको सदरमुकाम सुर्खेतमा नियमित हवाइ उडान आरम्भ भयो । यो हुनु भनेको राजधानी निर्माण भएपश्चात विकासको काम बलपूर्वक हुन थाल्छ भन्ने उदाहरण हो ।

राजधानी निर्माण गर्ने निर्णयले स्रोत साधनको सन्तुलित वितरण गर्दै विद्यमान विकासको असन्तुलन कम गर्न मद्दत गर्नुपर्छ । अबको भू उपयोग नीतिले औद्योगिक केन्द्र, व्यापारिक केन्द्र, शैक्षिक केन्द्र ( विश्वविद्यालयहरु तथा कलेजहरु), मानव बसोबासको क्षेत्र, कृषि क्षेत्रहरुलाई अलग अलग किसिमले व्यवस्थापन गरिनु पर्छ । र प्रशासनिक केन्द्रलाई अलग क्षेत्रमा राख्न सक्नु पर्छ ।

प्रशासनिक केन्द्र बनाइएकै कारण अव्यवस्थित रुपमा जनसंख्या बढ्ने, कृषि क्षेत्र वा उत्पादन क्षेत्र नष्ट हुने, शहरी भूभाग अव्यवस्थित बसोबासबाट अतिक्रमित हुने, वनजंगल क्षेत्र अतिक्रमण हुने जस्ता विकासलाई नकारात्मक प्रभाव पार्ने सम्भावनालाई न्यून गरिनु पर्छ । यो ढाँचाको विकास समेत अहिलेको पुनर्संरचनाको विषय हुनु पर्छर प्रदेश विकास योजना भित्र पर्ने गरि राजधानी निर्माण गरिनुपर्छ ।

प्रदेशको विकासका हरेक चुनौतिहरुलाई समाधान गर्ने, अहिले देखिएको असन्तुलित विकासलाई समानुपातिक, समावेशी बनाउँदै सामाजिक, सांस्कृतिक सम्बन्ध बढाउने दायित्व प्रदेश सरकारको हो । प्रदेशमा प्रतिनिधित्व गर्ने सांसदहरुले आ-आफ्नो निर्वाचन क्षेत्रभन्दा माथि उठेर प्रदेशको समग्र हित हुन सक्ने गरी संविधानले अभिव्यक्त गरेको उद्देश्य पूर्तिका लागि राजधानी निर्माण गरिनुपर्छ । विपन्न र पछाडि परेका भूभागका बासिन्दाले न्याय महसुस गर्ने निर्णय गर्न सक्नुपर्छ ।

यसकारण पनि शक्तिका आधारमा मात्र राजधानी बनाउने होइन, आ-आफ्ना स्थानीय स्वार्थभन्दा माथि उठेर समग्र प्रदेशको विद्यमान असमानता न्यून गर्दै प्रदेशको सन्तुलित विकासको रणनीतिक आधारका रुपमा राजधानी निर्माण गर्ने कार्य गरिनु नै समृद्ध प्रदेश निर्माणको जग हुनेछ ।

राजधानी निर्माणको विषयलाई हतार, दबाव वा सकसको रुपमा नहेरौं, योजनावद्धरुपमा नयाँ प्रशासनिक शहर निर्माण गर्ने, प्रदेशको सुनौलो भविष्य निर्माण गर्ने उपयुक्त अवसरका रुपमा सही सदुपयोग गरौं । यो नै दीर्घकालीन हितको विषय हुनेछ ।

# गर्भावस्थामा बच्चाको मुटुरोग बारे गरिने जाँच 'फेटल इकोकार्डियोग्राफी'



डा दिवाकर शर्मा

गर्भमा रहेको शिशु स्वस्थ छ कि छैन भनेर जाँच गर्ने चलन पछिल्लो समय बढिरहेको छ। कतिपय रोगहरु शिशु गर्भमै भएको अवस्थामा पत्ता लगाउन सकिने प्रविधिको विकास भएपछि यो चलन पनि बढेको हो। जनचेतना बढ्दै गएपछि अभिभावक पनि आफ्ना बच्चा स्वस्थ जन्मिदै छन् कि छैनन् भनेर सचेत हुन थालेका छन् ।

हामीले कतिपय अवस्थामा अस्पतालमा बच्चा जन्मनासाथ मृत्यु भएपछि वा नवजात अवस्थामै मृत्यु भएपछि अस्पतालको लापरवाहीले मृत्यु भएको भन्दै आफन्तले अस्पतालमा विरोध गरेको देखेका सुनेका छौँ । कहिले बच्चाले सास फेरेन, मुटुको चाल थिएन भन्ने जस्ता कुरा पनि हुन्छौँ ।

जाँच गरेमा गर्भमै थाहा पाउन सकिने समस्या पहिले जाँच नहुँदा पनि यस्ता खालका घटना भइरहेका छन् ।

गर्भमा रहेको शिशु कस्तो अवस्थामा छ, उसलाई केही गम्भीर खालका समस्या छ कि छैन, छ भने कसरी रोकथाम गर्ने भन्ने जानकारी लिन र बच्चा जन्मनुपूर्वदेखि नै तयारी गर्न सकिन्छ । कहिलेकाहिँ बच्चा अंगभङ्ग जन्मिनेवाला छ भने शिशु जन्माउने कि नजन्माउने भन्ने खालका निर्णय गर्न अभिभावकलाई सहज हुन्छ ।

गर्भावस्थामा जाँच गरी जन्मजात मुटु रोग छन् कि छैन भनेर पनि थाहा पाउन सकिन्छ । यो जाँचलाई फेटल इको इकोकार्डियोग्राफी भनिन्छ ।

गंगालाल हृदय रोग केन्द्रमा विगत ११ वर्षदेखि यो सेवा सञ्चालित छ । बच्चा नजन्मदै बच्चाको मुटुको बनावट ठीक छ कि छैन जाँच गरिन्छ ।

फेटल इकोकार्डियोग्राफी भनेको गर्भावस्थामा गरिने भ्रुणको मुटुको परीक्षण हो । यो परीक्षणबाट बच्चा नजन्मदैँ पेटभित्रको बच्चाको मुटुको प्वाल, मुटुको बनावट, मुटुको काम, मुटुको सम्बन्धी रोगहरुको बारे जानकारी पाउन सकिन्छ । विश्वमा सन् १९७० बाट भ्रुणको मुटुको परीक्षण सुरु भएको हो ।

यो निकै अप्ठेरो प्रविधि मानिन्थ्यो । चिकित्सकहरु यसलाई डिस्नरी नभई विदेशी भाषा पढ्दा गरिएको प्रयास भन्थे । सन् ९० को दशकपछि यो प्रविधिले ठूलै फड्को मार्‍यो । नेपालमा भने गंगालाल राष्ट्रिय हृदय केन्द्रमा सन् २००७ बाट यो प्रविधि सुरुवात भयो ।

सुरुका दिनहरुमा यो जाँच गर्न आउने गर्भवतीको संख्या कम भएपनि हालका वर्षहरुमा जनचेतना बढ्दै गएपछि यो जाँच गराउन आउने गर्भवतीको संख्या उल्लेख्य रुपमा बढ्दै गएको छ । अहिले महिनाको एक सय जनासम्म गर्भवतीको फिटल इकोकार्डियोग्राफी जाँच हुन्छ ।

सामान्यतया गर्भ रहेको १८ देखि २२ हप्ताको समयमा फेटल इकोकार्डियोग्राफी गर्न सकिन्छ । आवश्यकता अनुसार त्यसपछि पनि गर्न सकिन्छ ।

बच्चाको निकै गम्भीर समस्या देखिएमा समयमा नै बच्चा जन्माउने वा नजन्माउने निर्णय लिन सजिलो हुन्छ । गम्भीर समस्या भएको बच्चा जन्माउने निर्णय लिएपछि पछि त्यसै खालको सुविधा भएको बच्चाको आइसियु भएको अस्पतालमा बच्चा जन्माउन तयारी गर्न सकिन्छ ।

यसले अस्पतालमा त्यस्तो समस्या भएको बच्चाको मृत्यु भएमा पनि चिकित्सक, अभिभावकलाई पहिले नै जानकारी हुने भएकाले विवाद कम हुने सम्भावना हुन्छ।

पहिले त फेटल इकोकार्डियोग्राफी गर्ने चलन थिएन । मुटुको रोगमध्ये प्रमुख जन्मजात हुने मुटुका रोग पनि हो । पहिलेपहिले जन्मेपछि मात्र थाहा हुन्थ्यो । अहिले पहिले नै थाहा हुन्छ । रोग त त्यही नै तर पहिले नै थाहा हुन्छ । जस्तो मुटुमा प्वाल हुने, भल्व साँघुरो हुने, मुटुको बनावट उल्टोपाल्टो हुने, मुटु देब्रेबाट दाँहिनेतिर हुने देखि सबै खालका समस्या गर्भमै थाहा पाउन सकिन्छ । पछि उपचार गर्न सजिलो हुन्छ ।

**कस्तो अवस्थामा फिटल इकोकार्डियोग्राफी अति आवश्यक हुन्छ ?**

त्यसो त फेटल इको इकोकार्डियोग्राफीसबै गर्भवतीले गराउँदा पनि कुनै हानी हुँदैन । तर केही अवस्थाहरुमा भने यो जाँच गराउनु जरुरी हुन्छ । जस्तोः

-३५ वर्ष उमेर काटिसकेपछि गर्भवती भएमा

-आमालाई मुटुको रोग छ,

-गर्भवतिले कुनै साइक्याट्रिक औषधि सेवन गरिरहेको अवस्थामा

-मधुमेह भएको गर्भवतिले,

-थाइराइड भएको गर्भवतिले,

-रगत पातलो पार्ने औषधि सेवन गरिहरेको अवस्थामा ,

-पहिलो बच्चामा मुटुको समस्या छ भने,

-अघिल्लो बच्चाको अचानक मृत्यु भएको छ वा कुनै कारण गर्भ खेर गएको छ भने,

-सेरोगेसीबाट गर्भवति भएकामा,

-कृत्रिम गर्भाधान भएकामा,

**भ्रुणमा अन्य गडबडी देखिएमा**

आमालाई अरु खालको गम्भीर खालका रोगहरु छन् भने पनि फेटल इको इकोकार्डियोग्राफी अनिवार्य गर्नैपर्छ ।

फेटल इकोकार्डियोग्राफी गर्नुका फाइदा

फेटल इकोकार्डियोग्राफी सबै गर्भवतीले गराउनुका केही महत्वर्पूण फाइदा छन् । यस जाँचबाट गम्भीर प्रकारका मुटुरोग पत्ता लाग्ने हुनाले त्यस्तो समस्या भएको बच्चा जन्माउँदा पहिले नै चिकित्सकहरुले पूर्व तयारीका साथ बच्च निकाल्न सक्दछन् । बच्चाले तुरुन्तै उपचार पाउँछ । जटिल प्रकारका मुटु रोग (उपचार गर्न गाह्रो हुने) पहिले नै पत्ता लगाएर गर्भपतनको उपाय पनि अपनाउन सकिन्छ । मुटुको चाल गडबड हुने केही समस्याहरुमा औषधि दिएर बच्चाको मुटुको चाल ठीक गराउन पनि सकिन्छ ।

बच्चाको मुटुको चाल गडबडी भएका रोगहरुमा गर्भवती आमालाई औषधि खुवाएर निको पार्न सकिन्छ । हामीकहाँ पनि यस्तो २,३ वटा केस छ । बच्चाको मुटुको चाल गडबडी भएको थियो । हामीले आमालाई औषधि दियौँ । पछि बच्चाको समस्या पनि ठीक भएको छ ।

विदेशमा मुटुको भल्व साँघुरो भएको अवस्थामा गर्भावस्थामै भल्व खोल्ने प्रविधिको विकास भइसकोको छ । यदि बच्चामा गम्भीर प्रकारको मुटुरोग छ भने पहिले नै थाहा भएमा बच्चा जन्मदा केही दुर्घटना भएमा अभिभावक, चिकित्सक र अस्पतालबीचमा असमझदारी हुने सम्भावना कम रहन्छ ।

गंगालालमा ११ वर्ष अघि सेवा सुरु गर्दाको सम्झना

११ वर्ष अघि हामीले फेटल इकोकार्डियोग्राफी सेवा सुरु गर्दा यस सम्बन्धमा खासै जनचेतना थिएन । म एडल्ट कार्डियोलोजीको पृष्ठभूमिबाट आएकोले कतिपय स्वदेशीविदेशी मित्रहरुले यो अलि जटिल विषय भएको, मूल रुपमा फेटल मेडिसिन, पेडियाट्रिक कार्डियोलोजीको जिम्मेवारी भएको, गल्ती हुन सक्ने सम्भावना धेरै भएको, गल्ति भएमा ठूलो समस्या हुन सक्ने भएकाले यो काममा हात नहाल्न सल्लाह दिनुभएको थियो ।

तर देशमा त्यतिबेला बाल मुटुरोगको विधा खासै विकास भइसकेको थिएन । बच्चाको मुटुको अपरेसन सुरु भइसकेको अवस्थामा एडल्ट कार्डियोलोजीकै पृष्ठभूमिमै चिकित्सकले बच्चाको मुटुको इको कार्डियोग्राफी गर्ने भएकाले फेटल इको कार्डियोग्राफी गरिदिन अनुरोध आउने गर्थ्यो । कतिपय मानिसहरु भारतमा गएर फेटल इकोकार्डियोग्राफी गराउँथे ।

मुटुको सर्जरी समेत नेपालमा सुरु भइसकेको अवस्थामा यो कुराको लागि भारत जानुपर्ने बाध्यता हटाउनु पर्छ भन्ने लाग्यो र मैले यस प्रविधिको लागि तालिममा जाने निर्णय गरें । चीनमा एकजना बच्चा मात्रै जन्माउन पाउने व्यवस्था हुनाले त्यहाँका आमाबाबुले आफ्नो गर्भमा रहेको बच्चाप्रति सचेत थिए । त्यसैले त्यहाँ फेटल मेडिसिनको राम्रो विकास भएको थियो । त्यसैकारण म फेटल कार्डियोलोजी को तालिमको लागि चीन गएँ । फर्केर आएर सो सेवा सुरु गरेका हौँ ।

हाल गंगालाल अस्पतालमा बच्चाको मुटुरोग युनिट स्थापना भइसकेको छ । र मूलतः बच्चाको मुटुरोग विशेषज्ञहरुले जिम्मेवारी लिइसक्नुभएको छ ।

यो अलिकति मेहनत गर्नुपर्ने प्रविधि हो । हामीलाई थाहा छ गर्भावस्थाको भ्रूण सानो हुन्छ । उसको मुटु झन् सानो हुन्छ । यसमा अल्ट्रासाउण्ड विधिबाट सानो मुटुको सम्पूर्ण कुरा केलाउनुपर्छ ।

यसैले कहिलेकाहिँ केही मुटुका रोगहरु यो प्रविधिबाट नखुटिने पनि हुनसक्छन् । हरेक प्रविधिका जस्तै यो प्रविधिको पनि सिमितता हुन्छ । यो कुरा बुझ्नु जरुरी हुन्छ ।

हामीकहाँ आजकल सबै रुपले मेडिकल त्रुटीलाई लापरवाही र हेल्चेक्र्याइँ भन्ने चलन नै बसिसक्यो । प्रविधिको सिमितता प्रविधिको ज्ञान र अनुभवका सिमितता, मानवीय गल्ती आदिले पनि त्रुटी हुनसक्छन् । यस्ता त्रुटीहरु क्षम्य हुन्छन् । नभए मानिसहरु जोखिम उठाउन मान्दैनन् । र यसले देश र समाजको विकासलाई पछाडि धकेल्छ ।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईंको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।**

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।**

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।**

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।**

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।**

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ । तपाईंले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।**

# सप्तकोसी प्याब्सनमा अचार्य



सप्तरी / निजि तथा आवासीय बिद्यालय अर्गनाइजेसन (प्याब्सन) को संघीय सरचना अनुसार सनिवार सप्तकोसी नगपालिका स्तरिय प्रथम नगर अधिबेशन सम्पन्न भएको छ ।

अधिबेशनबाट सप्तकोसी नगरपालिका वडा न ४ स्थित रहेको नमुना सनसाइन इ. बो. स्कुलका संस्थापक प्रिन्सिपल शिवप्रसाद अचार्य सर्वसम्म्तीले अध्यक्ष चुनिए का छन ।

त्यसैगरी सप्तकोसी नगर स्तरीय सात सदस्यीय कार्यसमितिको सचिब र कोषाध्यक्षमा पुष्पाञ्जली बोर्डिङका प्रिन्सिपल दिपेन्द्र यादब र त्रियुगा बोर्डिङका प्रिन्सिपल भरत बिष्ट चयन भएका छन । अन्य सदस्यहरुमा प्रमोद के सि,बिक्रम चौधरी ,डिल्लीराम आचार्य र निरज यादब चयन भएका छन । कार्यसमितिको वरिष्ठ सल्लाहकारमा नरेन्द्र खत्री र सल्लाहकारमा तुलसी कट्वाल चयन भएका छन ।

नव गठित कार्यसमितिको पदाअबधी २ बर्ष रहने छ । स्थानीय लिटिल स्टार बोर्डिङ स्कुलमा सम्पन्न प्रथम अधिवेशनमा बोल्दै प्रमुख अतिथी सप्तरी प्याब्सनका अध्यक्ष पञ्चदेब यादबले निजि शिक्षाले नै देशको शैक्षिक विकाश भएको बताए । कर्यक्रममा जिल्ला प्याब्सनका उपाध्यक्ष देवानन्द चौधरी ,सचिब सञ्जय शर्मा, कोषाध्यक्ष देवकान्त चौधरी, सल्लाहकार सुरेश यादबलगायतकाको सहभागीता रहेको थियो । जिल्ला प्याब्सनका निबर्तमान वरिष्ठ उपाध्यक्ष नरेन्द्र खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भरत बिष्टले स्वगत मन्त्ब्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन शिवप्रसाद आचार्यले गरेका थिए ।

# प्रेस युनियनको अधिबेशन सम्पन्न




राजविराज / विदेशी ऋण लिएर रेल ल्याईए देशले भार थेग्न नसक्ने नेपाली कांग्रेसका केन्द्रिय सदस्य डा. रामशरण महतले बताएका छन् ।

राजविराजमा विहीबार आयोजित प्रेस युनियन सप्तरीको छैठौं जिल्ला अधिवेशनलाई सम्वोधन गदै उनले यस्तो कुरा बताएका हुन् । व्यापक अध्ययन गरी प्रतिफल आउने वा नआउने विचार गरेर मात्र रेल ल्याउनु पर्ने उनेको विचार थियो । 'बिना अध्ययन विदेशी ऋण लिएर रेल ल्याईए देशले भार थेग्न सक्दैन, यस्तो कार्यलाई तत्काल रोक्नुपर्छ ।'-उनले भने ।

ऋण लिनुपर्ने नै हो भने रेल ल्याउने नाममा देशमा १५ देखि २० हजार किलोमीटर दुई लेनको पक्की बाटो गाउँगाउँसम्म पुग्ने उनले बताए । उनले वर्तमान सरकारले संघदेखि स्थानीय तहसम्म जथाभावी कर बढाएको भन्दै उनले आपत्ति जनाएका छन् ।

कम्यूनिष्ट नेतृत्वको वर्तमान सरकार प्रेसलाई दबाउन उद्दत छ, नेता महतले भने 'प्रेसलाई दबाउनु भनेको लोकतन्त्रलाई दबाए जस्तै हो, यो हामीलाई कदापी स्वीकार्य छैन ।' काँग्रेसले प्रतिपादन गरेकै बाटोमा अहिलेका कम्यूनिष्ट हिडिरहेको भन्दै उनले थपे 'मनले चाहेर होस् वा नचाहेर कम्यूनिष्टहरु अहिले संसदीय अभ्यासमा आएका छन, सरकारको नेतृत्वपनि उनीहरुले नै गर्दैछन् ।'

अधिवेशनलाई सम्बोधन गर्दै काँग्रेसका अर्का केन्द्रीय सदस्य गुरुराज घिमिरेले नाराले मात्र अहिले कम्यूष्टि आफुलाई क्रान्तिकारी सावित गर्न खोजिरहेको बताउँदै भने 'क्रान्तिकारी नाराले होइन, कामले भइन्छ ।' काँग्रेसले राणा, पञ्चायत र राजाको हुकुमी शासन समाप्तिमा अगुवाई गरेको कारण कम्यूनिष्ट होइन काँग्रेसनै क्रान्तिकारी रहेको उनको दावी थियो । काँग्रेसले अलगाववादी नीतिको विपक्षमा रहेर समग्र मुलुकको एकिकरणमा जोड दिएको बताए ।

उद्घाटन समारोहमा सांसद तेजुलाल चौधरी, सांसद नमिता चौधरी, युवा नेता रञ्जित कर्ण, नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटी, केन्द्रिय सदस्य अबधेश कुमार झा, वरिष्ठ पत्रकार शिवहरि प्रसाद भट्टराई, नेपाली कांग्रेसका जिल्ला सभापति दिनेश यादव, युनियनका संस्थापक सदस्य अर्जुन साह, क्षेत्रीय सभापति बद्री महात्मानलगायतका नेताहरुले सम्वोधन गरे ।

प्रेस युनियनका सप्तरी संयोजक गणेश लाल देवको अध्यक्षतामा आयोजित कार्यक्रममा स्वागत मन्तव्य आरएन विश्वास तथा सञ्चालन श्रवण देवले गरे ।


सम्पूर्ण कपडा एकै ठाँउ

अब तपाईहरूको बजार रामपुर सर्व सुलव मूल्यमा रेडिमेड तथा थान कपडाका लागि हामीलाई सम्फनुहोस् र साथै सिरक डसना पनि बनाई सुलव मुल्यमा विक्रि गरिन्छ ।

प्रो. सरद कोईराला
सम्पदा कपडा पसल
रामपुर, ठोक्सिला बजार उदयपुर मो. 9805726379

तपाईहरूको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडि फोन नं.: ०३१-५५०१८७

जुनसुकै पत्रिका तथा रेडियो टिभीमा विज्ञापन गर्नु परेमा
नेपालका राष्ट्रिय तथा स्थानीय पत्र-पत्रिकाहरुमा सूचना, विज्ञापन प्रकाशन, प्रसारण गर्नुपरेमा हामीलाई संझनुहोला ।
उद्घोष
औजार
नयाँ पत्रिका
राजधानी
अन्नपूर्ण
कारोबार
janatimes
कान्तिपुर
नागरिक
अमर एडभरटाईजिङ एजेन्सी
धरान-सुनसरी
९८५२०४९३२५, ९८५२०४७७७९

# सप्तरीमा चाडपर्व लक्षित विशेष सुरक्षा योजना

फत्तेपुर / दशैं, तिहार र छठ पर्वलाई लक्षित सप्तरी प्रहरीले ११ वुँदे प्रतिवद्धतासहित विशेष सुरक्षा योजना संचालनमा ल्याएको छ।

जिल्ला प्रहरी कार्यालयले बुधवार पत्रकार सम्मेलन गर्दै प्रतिवद्धतापत्र सार्वजनिक गरेका हो। चाडपर्वको समयमा हुन सक्ने झैंझगडा, चोरी, डकैती, लुटपाट, जुवातास, मादक पदार्थ सेवन लगायतका क्रियाकलापलाई लक्षित गरी जिल्लामा विशेष सुरक्षा योजना लागु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भावेश रिमालले बताए।

समयमा वैंकिङ्ग कारोवार गर्ने स्थानहरुमा रकम लुटिने र ठगिने घटनालाई मध्यनजर गर्दै आर्थिक कारोवार हुने स्थानहरुमा विशेष निगरानी, साइकल र मोटरसाईकलसहितका क्यूआरटी टोली परिचालन, शक्तिपीठहरुमा विशेष सुरक्षा परिचालन तथा विगतमा अपराधिक गतिविधीमा संलग्न रहेका व्यक्तिहरुमाथि निगरानी राख्ने लगायतका मुख्य कार्यहरु विशेष सुरक्षा योजनामा रहेको उनले जानकारी दिए।

सङ्गठित र जघन्य अपराध, महिला तथा बालबालिका विरुद्ध हुने अपराधहरुमा शुन्य सहनशिलताका साथ कडा कानूनी कारवाही गरिने, अपराधिक घटना निन्त्रयण र प्रहरी सेवालाई छिटो छरितो बनाउन जानकारी भएको ५ मिनेटभित्र क्यूआरटी टोलीले सेवा दिने प्रतिवद्धता जनाएका छन्। उनका अनुसार चालू आर्थिक वर्षको साउन र भदौमा मात्रै १ सय १५ वटा मुद्दा दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा कुल ८९ वटा मुद्दा दर्ता भएका छ।

प्राप्त जानकारी अनुसार साउन र भदौ गरी दुई महिनामा गर्भपतनको १, अपहरण तथा शरीर बन्धकका ३, बालविवाह र जबरजस्ती करणीको १, ज्यान मार्ने उद्योगका २, फुटकर ज्यानका १, भवितव्य ज्यानका १५, झुन्डिएर आत्महत्याका ६, विष सेवनका ५ र कुटपीट तथा अंगभंगको एउटा मुद्दा दर्ता भएको प्रहरी नायव उपरीक्षक रिमालले पत्रकार सम्मेलनमा जानकारी दिए। उनका अनुसार सवारी ज्यान शिर्षकमा ४, सवारीबाट अंगभंग १, लागूऔषध ७, जबरजस्ती करणी ८, जबरजस्ती करणी उद्योग ५, चोरी २०, केही सार्वजनिक अपराध १३, नागरिकता किर्ते २, शान्ति विरुद्धको कसुरमा १२, बहुविवाह ६, सरकारी छाप किर्ते १ र जुवा ऐन अन्तर्गत एउटा मुद्दा दर्ता भएको छ।


## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरु:

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स–रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ।

विशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक–कान तथा घाटी रोग विशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



## २४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरु:

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरु:

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा। साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा उठाउनु होला।

प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज

सप्तकोसी नपा-१, फत्तेपुर

०३१-५५०१०६,

९८०७७७३८९१,

९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि।



## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ। विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने। निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ।

हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ।






Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

